**२०७४ भाद्र २५ गतेको सायल गाउँसभाबाट पारित भएका निर्णयहरुको संक्षिप्त व्यहोरा देहाय बमोजिम रहेको छ।**

१. ७ नं प्रदेशको राजधानी सूदुरपश्चिमाञ्चलको क्षेत्रिय सदरमुकाम रहेको स्थान डोटी जिल्लाको दिपायलमा कायम राख्न प्रदेश सभा समक्ष अनुरोध गर्ने ।

२ गाउँसभा सञ्चालन कार्यविधि,२०७४ सर्वसम्मत पारित गरियो ।

३ सायल गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता,२०७४ सर्वसम्मत पारित गरियो।

४ आ.व.२०७४/७५ बार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत पारित गरियो ।

५. नेपालको संविधानको धारा २१७ बमोजिम देहायको न्यायिक समिति गठन गरियो ।

| | | | |
|---|---|---|---|
| क) उपाध्यक्ष | श्री | विस्ना देवी सिंह | - संयोजक |
| ख) सदस्य | श्री | गोरख बहादुर सार्की | सदस्य |
| ग) सदस्य | श्री | धाकडे ऐर | सदस्य |

६. सायल गाउँपालिकाको आर्थिक ऐन,२०७४ सर्वसम्मत पारित गरियो ।

७. सायल गाउँपालिकाको विनियोजन ऐन , २०७४ सर्वसम्मत पारित गरियो ।

८. दर्ता नगरी इजाजत लिई संचालनमा रहेका पसल, व्यवसायहरुलाई सम्बन्धित वडा कार्यालयबाट सिफारिस आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिई सम्बन्धित निकायमा दर्ता गरेर मात्र संचालन गर्न साथै मदिरा कारोबारको हकमा वडा कार्यालयको सिफारिसमा अनिवार्य रुपमा इजाजत लिएर नियमानुसार तोकिएको समय,स्थान र सिमा भित्र मात्र संचालन गर्न सूचना जारी गर्ने ।

९. गाउँपालिकाको बार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियामा संलग्न कर्मचारीहरुलाई थप प्रोत्साहन वापत कार्यपालिकाले तोकेबमोजिमको भत्ता प्रदान गर्न सक्ने ।

१०. हाल गाउँपालिका र मातहतमा कार्यरत स्थानिय सेवाका स्थायी कर्मचारीहरुलाई तह अनुसारको प्रचलित तलब स्केल, महङ्गी भत्ता, स्थानिय भत्ता,पोशाक भत्ता, १ महिनाको तलब बराबरको चाडपर्व खर्च , १० प्रतिशत सञ्चय कोष थप, प्रतिमहिना रु. २०० बिमाकोष थप र एक महिनाको तलब बराबरको कल्याणकोष थप समेत उपलब्ध गराउने ।

११. हाल करार सेवामा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिन नियमित काम गरि रहेका कर्मचारीहरुलाई श्रावण १ देखी लागु हुने गरी करार सम्झौता नबीकरण गर्ने । वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीको पारिश्रमिक न्युनतम स्केल भन्दा बढी नहुने गरी गत

बर्षको तलब स्केलमा २० प्रतिशत बृद्धि गर्ने नेपाल सरकारले तोकेबमोजिमको पोशाक भत्ता र १ महिनाको तलब बराबर चाडपर्व खर्च प्रदान गर्ने ।

१२. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा अधिकांश दरबन्दी रिक्त भई नियमित कार्यसम्पादनमा कठिनाई भइरहेकोले आम नागरिकलाई सहज रुपले सेवा पाउने व्यवस्था मिलाउन अति आवश्यक पदहरुमा इन्जिनियर (सिभिल), ओभरसियर, कम्प्यूटर अपरेटर र कार्यालय सहयोगी जस्ता पदहरुमा स्थायी कर्मचारी खटिइ नआए सम्मको लागि कार्यपालिकाले करार सम्झौता गरी कार्यसम्पादन गराउन सक्ने ।

१३. सम्पूर्ण वडा तथा सम्बन्धित स्रोतबाट तथ्यांक संकलन गर यसै आर्थिक बर्ष भित्र गाउँपालिकाको समग्र वस्तुगत विवरण (Profile ) तयार गरी आगामी ५ बर्षको लागि आवधिक योजना निर्माण गर्ने ।

१४. स्थानिय स्तरमा पाइने स्लेट(पत्थर) को प्रचारप्रसार तथा प्रसोधन, लसला माछा, आलु, चोतो(मुला), भटमास जस्ता कृषि जन्य वस्तुको उत्पादनमा वृद्धि गर्ने , अल्लो निङालो,बाँस आदिको प्रसोधन, जडीबुडीहरुको खेती गर्नका लागि प्रोत्साहन गर्ने नीति लिने ।

१५ गाउँपालिकाको जिविकोपार्जन गुरुयोजना, वडा नं.२ र ३ को जलउपयोग गुरुयोजना र विपद व्यवस्थापन न्यूनीकरण योजना(LDRMP) तयार गर्ने ।

१६. हाल गाउँ कार्यपालिकाको कार्यालयका लागि भाडामा लिई प्रयोगमा रहेको सायल ४ बस्ने श्री गणेश बहादुर सिंहको घर यस अघि कै दरमा मासिक भाडा रु. ८,०००(आठ हजार मात्र) भुक्तानी दिने गरी श्रावण १ देखी लागु हुने गरी भाडा सम्झौता नवीकरण गर्ने ।

१७. गत बर्ष जि.स.स.मातहत संचालित जलस्रोत व्यवस्थापन परियोजना(RVWRMP) हाल गाउँपालिका मातहत हस्तान्तरण भइसकेकोले उक्त परियोजनाको लागि साविकको कार्यालयमा स्थान अभाव हुने हँदा यस अघि जिल्ला समन्वय समितिले प्रयोग गर्दै आएको सायल ४ बस्ने श्री धर्मराज जोशीको ३ कोठे घर मासिक भाडा रु. २५००।-(दुई हजार पाँच सय मात्र ) भुक्तानी दिने गरी श्रावण १ देखी को घरभाडा सम्झौता नवीकरण गर्ने ।

१८. गाउँपालिकाको मूख्य मार्गका रुपमा रहेको मेल्लेक पातिहाल्ने सडकको स्तरोन्नतिका लागि केन्द्रिय तहमा पहल गर्ने । तत्काल सडक सुचारु गर्न उक्त सडकको लागि विनियोजित बजेट रु. १० लाख सडकको मर्मत सम्भारमा खर्च गर्ने ।

१९. समग्र सायल गाउँपालिकालाई राष्ट्रिय विद्युतीकरणमा आवद्ध गर्न डौड देखी वडा नं.२ ओडवाटा र ३ नं वडा कार्यालयसम्म केन्द्रिय प्रसारण लाइन विस्तार र ट्रान्समिटर खरिदका लागि गाउँ कार्यपालिकाको कार्यालयद्धारा लागत इस्टिमेट गराई कुल विनियोजित रु.४० लाख मध्ये आवश्यकता अनुसार खर्च गर्ने । वडा तथा टोलहरुमा विद्युत लाइन विस्तारका लागि सम्बन्धित वडा कार्यालयमा

विनियोजन गरिएको बजेट मध्येबाट खर्च गर्ने । आगामी दिनमा सबै वडामा केन्द्रिय विद्युत लाइन विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्ने ।

२०. २ नं. वडा कार्यालय देखी ३ नं वडा कार्यालय जोड्ने सडक निर्माण यसै बर्षमा सम्पन्न गर्ने गरी काम सुरु गर्ने ।

२१. सिर्मा देखी छपाली जोड्ने सडकको सर्भे तथा लागत इस्टिमेट गरी सडक निर्माण कार्य सुरु गर्ने । निर्माणका लागि रकम नपुग हुने देखिएमा कार्य प्रगति हेरी उपलब्ध बजेट शिर्षकबाट सो योजनामा रकमान्तर गर्न प्राथमिकता दिने ।

२२. स्वास्थ्य संस्थामा आई सुत्केरी हुने र निर्धारित मापदण्डका आधारमा सुत्केरी महिलालाई पोषण भत्ता स्वरुप प्रति सुत्केरी रु.५०० का दरले उपलब्ध गराउने ।

२३. गाउँपालिका स्तरमा विभिन्न दिवस तथा समारोह मनाउन विनियोजित बजेट मध्ये भाद्र ६ गते सम्पन्न गाउँपालिका स्तरिय तिज कार्यक्रमको लागि रु.५०,००० विनियोजन गर्ने र बाँकी रकम कार्यपालिकाले निर्णय गरी आवश्यकता अनुसार अन्य कार्यक्रमहरु सञ्चालनका लागि खर्च गर्ने ।

२४. गाउँपालिकाको विभिन्न स्थानमा आवश्यकता अनुसार कृषि तथा पशु स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने ।

२५. विपद व्यवस्थापन कोष स्थापना गरी कार्यपालिकाले आवश्यक स्थानमा खर्च गर्ने ।

२६. उपयुक्त स्थानको छनौट गरी खेलकुद मैदान निर्माण गर्ने र खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।

२७. विभिन्न रोगको उपचारको लागि स्वास्थ्य शिविरहरु सञ्चालन गर्न विभिन्न वडाहरुबाट माग भई आएकोले आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने ।

२८. हाल ६ वडामा जम्मा ३ वटा मात्र स्वास्थ्य चौकीहरु रहेको विशेष परिस्थितिमा नागरिकहरुको न्यूनतम आधारभूत स्वास्थ्य सुविधालाई मध्यनजर गर्दै, यस गाउँपालिकाका थप वडा अन्तर्गत वडा नं २ ओडवाटा, वडा नं.५ डुमरी र वडा नं. ६ को लागि सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि प्रत्येक इकाईमा कम्तिमा एक जना स्वास्थ्यकर्मी करार सेवामा भर्ना गर्ने । स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टर सञ्चालनलाई समेत निरन्तरता दिन यस अघि स्थानिय निकायबाट करार सम्झौता बमोजिम कार्यरत अ.न.मि.लगायतका स्वास्थ्यकर्मीहरुलाई करार सम्झौता नवीकरण गरी निरन्तरता दिने । निजहरुले गत बर्ष खाईपाई आएको पारिश्रमिकमा बढीमा २० प्रतिशत बृद्धि गरी प्रचलित स्केल भन्दा बढी नहुने गरी पारिश्रमिक पाउने गरी करार सम्झौता गर्ने ।

२९. डोटी बहुमुखी क्याम्पस,सिलगढी डोटीमा संकाय संचालनका लागि चालु खर्च तर्फबाट रु.५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

३०. पत्रकार महासंघ डोटीको भवन निर्माणको लागि पुजीगत तर्फबाट रु.५० हजार सहयोग उपलब्ध गराउने ।

३१. डौड प्रहरी चौकीमा आवश्यक फर्निचर तथा सामग्री खरिदका लागि रु.३५ हजार उपलब्ध गराउने ।

३२. यस गाउँपालिका क्षेत्रमा आउने बाढी ,पहिरोको जोखिम न्यूनीकरण गर्न जोखिमपूर्ण ठाउँमा तटबन्धन गर्ने ।

३३. गाउँपालिकामा हाल सम्म कुनै पनि निकायबाट सवारी साधन हस्तान्तरण भई नआएकाले गाउँपालिकाको लागि १ ओटा चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने । गाउँ कार्यपालिका र बिषयगत शाखाको लागि २ थान मोटरसाइकल तथा सडक सुविधा पुगेका वडा कार्यालयहरुको लागि १/१ थान मोटरसाइकल खरिद गर्न सक्ने निर्णय पारित गरियो ।

३४. जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरणमा यस गाउँपालिका अन्तर्गत कार्यान्वयन हुन आयोजनाका लागि गाउँपालिकाबाट यस आ.व.मा कुल रु. २१ लाख सम्मको भार वहन गर्ने ।

३५. हरेक कार्यालयमा नागरिक वडापत्र तयार गर्ने , इन्टरनेट जडान गरी सूचना प्रविधि मैत्री बनाउने ।

३६. हरेक वडा कार्यालय तथा प्रत्येक शाखामा प्रर्याप्त फर्निचर तथा कम्प्यूटर, प्रिन्टर लगायतका आवश्यक मेसिनरी उपकरण खरिद गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै लैजाने ।

३७. गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४८ बमोजिम देहायको बिधेयक समिति गठन गरियो ।

क) श्री गोरख बहादुर सार्की संयोजक

ख) श्री गणेश बहादुर बोगटी सदस्य

ग) श्री कल्पना कुमारी साउँद सदस्य

३८. गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४८ बमोजिम देहायको लेखा समिति गठन गरियो ।

क) श्री टिका सिंह संयोजक

ख) श्री धन बहादुर साउँद सदस्य

ग) श्री विर बहादुर रोकाया सदस्य

३९. आवश्य ज्ञान सिप र दक्षता अभिवृद्धि गर्न गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई सेवा प्रवाह, वित्तिय व्यवस्थापन,सार्वजनिक खरिद, लेखा व्यवस्थापन तथा सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गर्ने निर्णय पारित गरियो ।

४०. गाउँपालिकामा सञ्चालित आयोजनाहरुको कुल बजेट मध्ये ४ प्रतिशत मात्र कन्टीजेन्सी कट्टी गरी योजनााको लागत इस्टिमेट,अनुगमन, प्रतिवेदन,विशेषज्ञ भत्ता लगायत कार्यपालिकाले निर्णय गरी आवश्यक परेका अन्य क्रियाकलापहरुमा खर्च गर्ने निर्णय पारित गरियो ।

४१. विद्यालयहरुलाई स्रोत साधन सम्पन्न बनाउन विद्यार्थी संख्या कम भएका र भौगोलिक दुरी कम भएका विद्यालयहरुलाई समायोजन गर्ने नीति लिने निर्णय गरियो । साथै विद्यालयको दरबन्दी, विद्यार्थी चाप र भौतिक अवस्था अध्ययन गरी अति आवश्यक भएका विद्यालयमा दरबन्दी थप भौतिक अवस्था सुधारका लागि शिक्षा मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

४२. गाउँपालिकामा आन्तरिक लेखा परीक्षण शाखा स्थापना नभएसम्म गाउँपालिका मातहतका वडा कार्यालय तथा अन्य विषयगत कार्यालयको आन्तरिक लेखा परीक्षण यसै गाउँपालिकाको आर्थिक प्रशासन शाखाले गर्ने र गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक लेखा परीक्षण जिल्ला समन्वय समितिको कार्यालय डोटीको आ.ले.प. शाखा द्धारा गराउने निर्णय सर्वसम्मत पारित गरियो ।

४३. गाउँ कार्यपालिका, गाउँसभा, गाउँपालिका अन्तर्गतका विषयगत समिति तथा वडा समितिको बैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई प्रति बैठक प्रति व्यक्ति रु.१०००।- का दरले बैठक भत्ता पदान गर्ने र गाउँसभा वा गाउँकार्यपालिकाको बैठकमा सहभागि हुने पदाधिकारीहरुलाई प्रतिपटकका दरले तपसिलको अनुसारको यातायात खर्च प्रदान गर्ने निर्णय पारित गरियो । वडा समितिको बैठकमा सहभागी हुँदा यातायात खर्च उपलब्ध गराइने छैन ।

वडा नं.१ देखी गाउँपालिकासम्म दुई तर्फी रु.१०००।-
वडा नं ६ देखी गाउँपालिकासम्म दुई तर्फी रु. १०००।-
वडा नं.२,३,४ र ५ देखी गाउँपालिका सम्म दुईतर्फी रु.५००।-
अन्य भत्ता सम्बन्धी व्यवस्था संघीय कानुन, प्रदेश कानुन तथा स्थानिय कानन बमोजिम हुने ।

४४. खप्तड राष्ट्रिय निकुञ्जबाट प्रभावित क्षेत्रका जनताको आय आर्जन वृद्धिका लागि सिप विकास तालिम तथा व्यवसायमूलक कार्यक्रम सञ्चालन गरी दिन वन्यजन्तु संरक्षण तथा राष्ट्रिय निकुञ्ज विभागसँग अनुरोध गर्ने ।

४५. यस क्षेत्रका पर्यटकिय क्षेत्रहरु असुद्धाला, तामेश्वरी, गोलेश्वरी, नेत्रेश्वरी, गोलेदेउला, चौऋषि लेक( मष्टा), भेलछडा झरना, धनेछडा लगायतका क्षेत्रको प्रवर्द्धन, अन्य पर्यटकिय सम्भावनाहरुको अध्ययन तथा पर्यटकिय क्षेत्रको रुपमा विकास गर्नका लागि गाउँपालिकामा एउटा पर्यटन प्रवर्द्धन समिति गठन गर्ने र सो समितिलाई पर्यटन सम्बन्धी कार्यक्रम सञ्चालनमा सक्रिय पार्ने निर्णय गरियो ।

४६. हाल सञ्चालनमा रहेको स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को निरन्तरताको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

४७. गाउँपालिकाको केन्द्र, २ नं. वडा कार्यालय, ५ नं वडा कार्यालय र ६ नं वडा कार्यालय को लागि उपयुक्त स्थानमा आवश्यकता अनुसार नेपाल सरकारको मापदण्ड बमोजिमको जग्गा खोजी गरी खरिद गर्ने । गाउँ कार्यपालिकाको कार्यालय, गाउँसभा कक्ष र बिषयगत शाखाहरु सञ्चालनका लागि एकीकृत गाउँपालिका भवन  तथा वडा कार्यालयहरुको भवन निर्माण प्रक्रिया अघि बढाउने । साविकका वडा कार्यालयका भवन तथा भौतिक संरचनाको सुधारका लागि सम्बन्धित निकाय सँग अनुरोध गर्ने ।

४८. गाउंपालिका र अर्न्तगतका कर्मचारीहरुको सेवाको सुरक्षाको लागि गाउँपालिकामा कर्मचारी कल्याणकोषको व्यवस्था गर्ने र यसअघि वडा कार्यालयमा रहेको कर्मचारी कल्याण कोषको खाता वन्द गरि गाउँपालिकाको कर्मचारी कल्याणकोष खातामा जम्मा गर्ने र उक्त कोषको सञ्चालनको लागि गाउँकार्यपालिकाबाट कार्यविधि बनाई सो कार्यविधि अनुसार कोष सञ्चालन गर्ने निर्णय गरियो ।

४९. कार्यालयको कामकाजको शिलशिलामा काजमा खटिने कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुलाई संघीय भ्रमण खर्च नियमावली बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराइनेछ ।

५१. यस गाउँपालिका, अन्तर्गतको विषयगत शाखा तथा वडा कार्यालयमा रिक्त दरबन्दीमा यथाशिघ्र पदपूर्तिका लागि सम्बन्धित निकायमा माग गर्ने ।

५२. गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि गाउँकार्यपालिकालाई देहायका जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

- ❖ स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई औचित्यताको आधारमा सामान्य संशोधन, थपघट वा हेरफेर गर्न सक्ने ।
- ❖ राजश्व परामर्श समितिको सिफारिसमा कर,दस्तुर,महसुल,शुल्कहरुमा संशोधन,हेरफेर तथा नयाँ क्षेत्र पहिल्याई करहरु कायम गर्ने ।
- ❖ गाउँपालिकाको बार्षिक कार्यक्रमको उद्देश्य पुरा हुने गरी सहयोगी दातृ निकाय तथा साझेदार संघ संस्था सँग द्धिपक्षिय सम्झौता गर्ने ।
- ❖ गाउँपालिका क्षेत्र भित्र कार्यक्रम लागु गर्न चाहने सरकारी तथा गैरसरकारी संस्थाहरुससँगको सहकार्य गरी औचित्यताको आधारमा समपुरक कोषबाट लगानी गरी कार्यक्रम सञ्चालन गर्न सकिने ।

५१. गाउँपालिकामा कम्तिमा १५ शैयाको अस्पताल स्थापना, तथा स्वास्थ्य चौकी नभएका वडा नं. २ , ५ र ६ मा स्वास्थ्य चौकी स्थापना गर्न स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने । सञ्चालनमा रहेको स्वास्थ्य चौकीहरुको भौतिक सुधारलाई  प्राथमिकतामा राख्ने  ।

५३. यस गाउँपालिकाको भौगोलिक स्थिति तथा जनसंख्यालाई मध्यनजर गर्दै गाउँपालिकामा शान्ति सुरक्षा तथा अमनचयनलाई अझै सुदृढ गर्न डौडमा प्रहरी चौकीको भवन निर्माण, छपाली,खातिवडा

र तोलेनीमा प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रशासन कार्यालय मार्फत .गृह मन्त्रालयमा अनुरोध गर्ने ।

५४. आ.व.२०७४/७५ का लागि प्रस्तावित कार्यक्रमहरु पारित गरियो । उक्त कार्यक्रमहरु अध्यक्षबाट प्रमाणित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

५५. आ.व.२०७३/७४ मा गाउँपालिकाबाट भएगरेका कार्यक्रमहरु अनुमोदन गरियो ।

५६. विषयगत रुपमा गै.स.स तथा अन्तराष्ट्रिय गै.स.स हरुलाई एकद्धार प्रणालीवाट सञ्चालन गर्ने निर्णय गरियो ।

५७. गाउँ कार्यपालिकामा पेश हुन आएका जलस्रोत व्यवस्थापन परियोजना,सामुदायिक विकास मञ्च नेपाल, सोर्स नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम, समान पहुँच विकास केन्द्र(सिड)नेपाल, सामुदायिक विकास केन्द्र नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, युनिसेफ, ग्रामिण विकास केन्द्र, गारिमा समाज नेपाल, गोलेश्वरी धार्मिक विकास समिति, असुद्धाला क्षेत्र विकास समिति, खातिवाडा सामुदायिक विकास समुह, डौड सामुदायिक विकास समुह,तोलेनी सामुदायिक विकास समुह,सायल नेपाल,बहुक्षेत्रिय पोषण कार्यक्रमका आ.व.२०७३/७४ सञ्चालित कार्यक्रमहरुको अनुमोदन गरी आ.व.२०७४/७५को बार्षिक कार्यक्रमहरु एकद्धार प्रणलीबाट सञ्चालन गर्न स्वीकृत गरियो ।

५८. विभिन्न टोल,वडा भेला , वडा समिति र विषयगत समितिबाट सिफारिस भई आएका मध्ये हाल गाउँपालिकाबाट सम्पन्न गर्न नसकिने योजना तथा कार्यक्रमहरु सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियो ।

- ❖ मेल्लेक-पातिहाल्ने सडक, साप्रा-बेटारा-भल्मा सडक,कलेना-दल्लेक-मेल्लेक सडक, सिर्मा छपाली सडक, रतम्जा खट्गडा-पानीखाल सडक, डौड-भल्मा-झिग्राना सडक, डुमरी-घोतल-असुद्धाला सडक, रानीवन-पातल-झिग्राना सडक, साउखोला-देवरमाण्डौं-चनपन्ना सडक, खट्गडा-बिसौना सडक, दल्लेक-विरलकाडा सडक, केराबारी-पातल-घडारे-झिग्राना सडक र दैना ओडवाटा सडक निर्माणलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित निकायमा निर्माणका लागि अनुरोध गर्ने । अन्य कृषि सडकहरुको सम्भाव्यता अध्ययन गरी गाउँपालिकाको सडक गुरुयोजना निर्माण गर्ने ।
- ❖ मेल्लेक र पातिहाल्नेमा प्रवेशद्धार निर्माण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।
- ❖ साइलीगाड र बसाईखोलामा पक्की पुल निर्माणका लागि अनुरोध गर्ने ।
- ❖ असुद्धाला देखी मालिका जाने घोरेटो बाटो निर्माणका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने ।
- ❖ मेलीगाउँ सिचाई नहर योजनाको निर्माण निरन्तरता दिन स्थानिय सडक तथा भौतिक पूर्वाधार विभागमा अनुरोध गर्ने ।

- ❖ रोलखोला भुवाखोला सिचाइ आयोजना, बगर तलिरवा सिचाई आयोजना, खसडा खोला सिचाई आयोजना, भेरामुनी सिचाई आयोजना, तल्लो सेरा सिचाई आयोजना,काल्लाधार सिचाई आयोजना,निन्वा खोला सिचाई आयोजना, भाटीगाउँ सिचाई कुलो,साउँखोला सिचाई आयोजना, चामा सिचाई आयोजना, भेरामुनी घोतल सिचाई आयोजना, सेलाखोला ढाँण सिचाई आयोजना, दैना सिचाई आयोजना,नानो कुलो लगायतका गाउँपालिका भित्रका अतिमहत्वपूर्ण सिचाई आयोजनाहरुको निर्माणका लागि सिचाई मन्त्रालयमा अनुरोध गर्ने
- ❖ जनता जनार्धन मा.वि., भवानी मा.वि.,छपाली मा.वि.,भवानीस्थान मा.वि.,कालिका मा.वि.डुमरीमा प्राविधिक शिक्षा सञ्चालन तथा महकाली आ.वि.अलेवाडामा माध्यामिक तह सञ्चालनलाई प्राथमिकता दिने ।
- ❖ नेत्रेश्वरी, तामेश्वरी, असुद्धाला, गोलेश्वरी,गोलेउला र चौरिसीलेकमा अतिथिगृह निर्माणका लागि संस्कृति,पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयमा अनुरोध गर्ने ।
- ❖ विभिन्न विद्यालयबाट दरबन्दी थप तथा भवन निर्माणका लागि माग भइ आएकोमा आवश्यकता हेरी सम्बन्धित निकायमा अनुरोध गर्ने ।
- ❖ संचालनमा रहेका बालविकास केन्द्रको भवन निर्माणको लागि पहल गर्ने र आवश्यक नयाँ स्थानमा बालविकास केन्द्र थप गर्न अनुरोध गर्ने ।
- ❖ प्रत्येक वडामा कृषि उपजहरुको संकलन गरी बजारीकरणमा टेवा पुऱ्याउन संकलन केन्द्र स्थापनामा जोड दिने ।
- ❖ डुमरी-तोलेनी-भेलछडा-खप्तड केबुलकार विस्तृत अध्ययन गर्न विभिन्न निकाय सँग समन्वय गर्ने । केराबारी-भल्मा रोपवे निर्माणमा पहल गर्ने ।
- ❖ धाउनेखोला झोलुङ्गे पुलको निर्माणका लागि प्राथमिकता दिँदै छोटेवगड,कचाली,बनौले,बर्खेखोला,गौरीघाट,पसेला,खिनखेत,ग्वानीवगड,घोतली खोला र खानाकोट-बैतडी लगायत आवश्यक स्थानमा झोलुङ्गे पुलको निर्माणका लागि सर्वे गरी निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।
- ❖ आयुर्वेद स्वास्थ्य केन्द्र तोलेनी, इलाका हुलाक डौड तथा तोलेनीको भवन निर्माणका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

५९. साविक डौड गा.वि.स.को वडा नं ६ मतेली, वडा नं. ९ घोतल र तोलेनी वडा नं ४ खट्गडा र वडा नं १ सिर्मामा गत विगतका आ.व.हरुमा वैकल्पिक उर्जा निर्माणका लागि रकम विनियोजित भई उपभोक्त समितिलाई भुक्तानी दिइएको तर काम सम्पन्न नभएको देखिएकोले सो रकम मध्ये के कति खर्च भयो ? यथार्थ प्रगति विवरण उपभोक्ता समितिबाट पेश गर्न लगाउने । खर्च नभएको बाँकी रकम राष्ट्रिय विद्युत लाइन विस्तारका लागि सोही टोलहरुमा खर्च गर्न निर्देशन दिने ।

६०. निर्माणधिन टेलिफोन टावरको यथाशिघ्र निर्माण गरी दिन तथा छपाली, तोलेनी र डौडमा CDMA Tower निर्माणका लागि नेपाल टेलिकमलाई अनुरोध गर्ने । गाउँपालिकामा इन्टरनेट जडानका लागि नेपाल टेलिकम तथा नीजि कम्पनी वा संस्थाहरुसँग समन्वय गर्ने ।